## परमेश्वरले आफ्नो मण्डली कसरी निर्माण गर्नुहुन्छ:

परमेश्वरले यस पृथ्वीमा आफ्नो राज्यको उद्देश्य पूरा गर्ने तरिका बनाउनुभएको छ।

उहाँले त्यो काम आफ्नो मण्डलीद्वारा गर्नुहुनेछ। त्यसैले खम्बाहरूमा एउटा महत्त्वपूर्ण विषय यो हो: परमेश्वरले वास्तवमा आफ्नो मण्डली कसरी निर्माण गर्नुहुन्छ? हामीले वास्तवमा यो प्रश्न गर्नु आवश्यक छ, कसले कसको मण्डली निर्माण गरिरहेको छ? किनकि कहिलेकहीं यदि हामी इमानदार भयौं भने त्यो प्रश्नको जवाफ दिइन्छ।

म मेरो मण्डली निर्माण गर्दैछु र हामीचाहिँ आफूले चाहेको मण्डली बनाउन चाहन्छौं। वा म परमेश्वरको मण्डली निर्माण गर्दैछु र त्यस अर्थमा हामी परमेश्वरका लागि काम गर्न धेरै दबाब महसुस गर्छौं। कहिलेकहीं हामी यसको जवाफ परमेश्वरले मेरो मण्डली बनाउँदै हुनुहुन्छ भनेर दिन्छौं, जसको अर्थ हामी यो निर्माण गर्ने उहाँ हुनुहुन्छ तर यो मेरो लागि हो भनेर बुझ्छौं। वास्तवमा येशूले भन्नुभयो, म मेरो मण्डली स्थापित गर्नेछु। उहाँले आफ्नो मण्डली स्थापना गर्दै हुनुहुन्छ र उहाँले आफ्नो उद्देश्यका लागि त्यो स्थापना गर्दै हुनुहुन्छ। त्यसैले हाम्रो प्रश्न यस्तो हुनुपर्छ, हे प्रभु, तपाईं आफ्नो मण्डली कसरी स्थापना गर्न चाहनुहुन्छ? किनकि अगुवाहरूको रूपमा हाम्रो जिम्मेवारी त्यो मण्डली स्थापनामा उहाँको निर्देशन लिनु हो। अनि यसको जवाफ हामीलाई १ पत्रुस २:५ मा दिइएको छ, जहाँ भनिएको छ, “तिमीहरू जीवित पत्थरहरू हौ, पवित्र पुजारीगिरीका निम्ति ख्रीष्टद्वारा निर्माण गरिएको आत्मिक घर हौ।” यस विषयमा तपाईं धेरै कुराहरू भन्न सक्नुहुन्छ, तर वास्तवमा उल्लेखनीय कुरा के हो भने यो कार्यक्रमहरूमा होइन, येशूको उपस्थितिमा निर्माण गरिएको छ। तिमीहरू जीवित पत्थरहरू हौ, एक आत्मिक घर हौ र उहाँले तिमी, मानिसहरूद्वारा आफ्नो मण्डली स्थापना गर्न चाहनुहुन्छ। उहाँले कार्यक्रमहरूलाई माध्यमको रूपमा प्रयोग गर्न सक्नुहुन्छ, तर वास्तवमा यो मानिसहरूद्वारा प्रभुको उपस्थितिद्वारा निर्माण गरिन्छ।

परमेश्वरले बोलाउनुभएका मानिसहरूको रूपमा हामीले उहाँको मण्डली कसरी निर्माण गर्नुपर्छ भन्ने एउटा नमुना हामीलाई दिइएको छ, उहाँले हामीलाई मण्डलीको निर्माणमा उहाँको उपस्थितिमा उहाँसँग सामेल हुन हामीलाई आमन्त्रित गर्नुहुन्छ। यो नमुना येशूले पत्रुसलाई उहाँको मण्डली स्थापनामा उहाँसँग सामेल हुन दिनुभएको निमन्त्रणाद्वारा दिइएको छ। त्यो निमन्त्रणा २०२५ वर्ष पहिले पत्रुसलाई दिइएको थियो, तर यही निमन्त्रणा उहाँले हामी प्रत्येकलाई दिनुहुन्छ। त्यो निमन्त्रणा मत्ती १६ अध्यायमा छ, जुन हामी पढ्न सक्छौं, जुन पद १६ बाट सुरु भएको छ। यहाँ येशूले पत्रुसलाई निमन्त्रणा दिनुहुँदा भएको कुराकानी छ।

येशूले “तिमीहरू के भन्छौं, म को हुँ?” भनेर सोध्नुहुँदा सिमोन पत्रुसले जवाफ दिए, “तपाईं ख्रीष्ट हुनुहुन्छ, जीवित परमेश्वरका पुत्र।” अनि येशूले जवाफ दिनुभयो, “योनाको छोरो सिमोन, तिमी धन्य हौ, किनकि मानिसबाट तिमीलाई यो प्रकट भएको होइन, तर स्वर्गमा हुनुहुने मेरा पिताले प्रकट गर्नुभएको हो। म तिमीलाई भन्दछु, कि तिमी पत्रुस हौ। म मेरो मण्डली यस चट्टानमाथि स्थापित गर्नेछु र नरकका ढोकाहरू त्यसमाथि विजयी हुनेछैनन्। म तिमीलाई स्वर्गको राज्यका साँचाहरू दिनेछु। जे तिमीले पृथ्वीमा बाँध्नेछौ, सो स्वर्गमा बाँधिनेछ, र जे तिमीले पृथ्वीमा फुकाऔला, सो स्वर्गमा फुकाइनेछ।”

जब मण्डली र हाम्रो उपस्थितिद्वारा मण्डली निर्माण गर्ने कुरा आउँछ, येशूले पत्रुसलाई दिनुभएको यो निमन्त्रणाले तीनवटा कुरालाई विशेष जोड दिन्छ, र यदि हामीले उहाँका लागि उहाँको मण्डली स्थापना गर्न जाँदैछौं भने त्यो कुरा बुझ्नु र त्यसअनुसार हिंड्न सक्नु धेरै महत्त्वपूर्ण छन्। यो यस्तो प्रकाश हो जुन हामी येशूबाट प्राप्त गर्दछौं। यो हामीले येशूबाट प्राप्त गर्ने अधिकार हो। र यो त्यो पहुँच हो, स्वर्गको राज्यका साँचाहरू, जुन हामी येशूबाट प्राप्त गर्छौं। पहिले यो प्रकाशको बारेमा कुरा गरौं।

पत्रुसले धेरै व्यक्तिगत, गहन तरिकाले “तपाईं ख्रीष्ट हुनुहुन्छ” भनी जवाफ दिंदा येशूले तिनलाई हेर्नुहुन्छ। येशू भन्नुहुन्छ, “सुन पत्रुस, तिमीमाथि म मेरो मण्डली स्थापना गर्न सक्छु।” उहाँले तपाईंहरू प्रत्येकलाई हेर्नुहुन्छ र भन्नुहुन्छ, “तिमीहरूमाथि म मेरो मण्डली स्थापना गर्न सक्छु।” जब तपाईंले येशू वास्तवमा को हुनुहुन्छ भन्ने प्रकाश पाउनुहुन्छ, किनकि येशूले पत्रुसलाई भन्नुहुन्छ, “किनकि मानिसबाट तिमीलाई यो प्रकट भएको होइन।” तिमीले यो अनुभवद्वारा प्राप्त गरेका होइनौ। तिमीले यो अध्ययनबाट प्राप्त गरेनौ।

तपाईंले यो पिताको प्रकाशबाट पाउनुहुन्छ।

कहिलेकहीं हामी आफू परमेश्वरको मण्डली स्थापना गर्न सबैभन्दा सुसज्जित भएको अनुभव गर्छौं, जब हामीसँग सीप हुन्छ, जब हामीसँग ज्ञान हुन्छ, जब हामी स्वाभाविक अवस्थामा हुन्छौं। र ती महत्त्वपूर्ण तत्वहरू हुन्, तर आत्मिक पत्थरहरूद्वारा निर्मित एक जीवित घर निर्माणको सुरुवात त्यहीँबाट हुँदैन।

“तपाईं जीवित परमेश्वरका पुत्र हुनुहुन्छ।” तपाईंले सबैको जीवनमा दुईवटा परिवर्तनहरू भएका देख्नुहुन्छ। हामी प्रायः त्यस्तो परिवर्तन एउटा मात्र हुन्छ भनी सोच्छौं, तर वास्तवमा दुईवटा परिवर्तनहरू हुन्छन्। पहिलो परिवर्तन त्यस बेला हुन्छ जब तपाईं येशू को हुनुहुन्छ भनेर चिन्नुहुन्छ र तपाईंले आफ्नो आवश्यकताको दृष्टिकोणबाट येशूलाई हेर्नुहुन्छ। “म एक पापी हुँ। म हराएको छु। म तोडिएको छु। मलाई आफ्नै लागि येशू चाहिन्छ।” त्यो परिवर्तनमा मात्र प्राप्त गर्ने कुरा मात्र हुन्छ। हामी अनन्त जीवनको वरदान प्राप्त गर्छौं। हामी येशूलाई हाम्रा मुक्तिदाताको रूपमा ग्रहण गर्छौं। अनि त्यो महत्त्वपूर्ण परिवर्तन हो। तर त्यसपछि दोस्रो रूपान्तरण हुन्छ।

त्यो त्यसबेला हुन्छ, जब तपाईं येशूलाई आफ्नो आवश्यकताको दृष्टिकोणबाट होइन, तर उहाँलाई अरू आवश्यकताहरूको दृष्टिबाट हेर्नुहुन्छ। “मेरो साथीलाई तपाईंको आवश्यकता छ। मेरो समाजलाई तपाईंको आवश्यकता छ। मेरो देशलाई तपाईंको आवश्यकता छ।” यो परिवर्तन प्राप्त गर्ने सम्बन्धमा हुँदैन।

अब यो सेवा गर्ने र दिने विषयको कुरा हो। अनि तपाईंकहाँ एक जागरूकता र प्रकाश आउँछ। तपाईं केवल ख्रीष्ट हुनुहुन्न, मेरो लागि तपाईं जीवित परमेश्वरका पुत्र हुनुहुन्छ। तपाईं ख्रीष्ट हुनुहुन्छ, सबैका लागि तपाईं जीवित परमेश्वरका पुत्र हुनुहुन्छ। यो प्रकाश तपाईंको हृदय र आत्माको गहिराइमा आउने एक अन्तर्दृष्टि हो। त्यहाँ एक विश्वास हुन्छ र त्यो दृढ विश्वास प्रकाशबाट आउँछ। येशू तपाईंमाथि आफ्नो मण्डली स्थापना गर्न चाहनुहुन्छ।

तपाईंद्वारा उहाँको उपस्थिति हुन्छ। तर तपाईंको सीप वा तपाईंको ज्ञान वा तपाईंको स्थितिले तपाईंलाई यो काम गर्न सक्षम बनाउँदैन। किनकि धेरै पटक विशेष गरी युवा अगुवाहरूको रूपमा हामी त्यस्तो तरिकाले सोच्दछौं। यदि मैले यो जान्न सकें भने, यदि मलाई यहाँ राख्न सकियो भने, येशूले पत्रुसलाई हेर्नुहुन्छ र भन्नुहुन्छ, “यो तिमीलाई पिताद्वारा प्रकट गरिएको हो।”

अनि तिमीले यो प्रकाश प्राप्त गरेका हुनाले म तिमीमाथि मेरो मण्डली स्थापना गर्न सक्छु। र उहाँले तपाईंलाई पनि त्यही कुरा भन्नुहुन्छ। पिताबाट प्राप्त गर्नुभएको प्रकाशको अर्थात् तपाईंको आफ्नै मुक्तिको अनुग्रह र महिमा दुवै खोजी गर्न समय निकाल्नुहोस्, तर येशूलाई अरू मानिसहरूको आवश्यकताको दृष्टिबाट पनि हेर्नुहोस्, किनकि तपाईं सेवा गर्न र दिन अनि त्यो अनुग्रहको साधन बन्ने स्थानमा हुनुहुन्छ। अचानक, येशूको उपस्थिति तपाईंद्वारा अति व्यक्तिगत तरिकाले फैलिन्छ र उहाँको मण्डली स्थापना हुन थाल्छ। तर यो केवल प्रकाश मात्र हुँदैन।

यो पत्रुसलाई दिइएको एउटा अधिकार हो, जुन हामीले बुझ्नु महत्त्वपूर्ण छ। यदि तपाईं येशूका लागि उहाँको मण्डली स्थापना गर्न लाग्नुभएको छ भने तपाईंले यो परमेश्वरले तपाईंलाई दिनुभएको अधिकारको दृढ

विश्वाससहित गर्नुपर्छ, किनकि यो एउटा लडाइँ हो। यो आत्मिक क्षेत्रहरूमा हुने लडाइँ हो। यो प्राकृतिक क्षेत्रहरूमा हुने लडाइँ हो। कसैका लागि यो राजनीतिक क्षेत्रहरूमा वा सामाजिक क्षेत्रहरूमा हुने लडाइँ हो। यो लडाइँ सधैँ चलिरहन्छ। अनि त्यो लडाइँको केन्द्रमा तपाईंलाई एक आत्मिक अधिकार चाहिन्छ, जसले तपाईंलाई अगाडि बढेर लैजान्छ। येशूले पत्रुसलाई हेर्नुहुन्छ र उहाँले तिनलाई यसो भन्नुहुन्छ, "नरकका ढोकाहरू तिमीमाथि विजयी हुनेछैनन्।"

"पत्रुस, म तिमीलाई अधिकार दिइरहेको छु।" अनि उहाँले त्यो कुरा तपाईंलाई पनि भन्नुहुन्छ।

उहाँले तपाईंलाई अधिकार दिँदै हुनुहुन्छ, तर तपाईंले त्यो अधिकारलाई आफैमा एक प्रकारले कैद गर्नुपर्छ। तपाईंले त्यो अधिकारलाई बुझ्नुपर्छ। पछि, पत्रुसले आफ्नो जीवनको अन्त्यतिर सेवाको क्रममा, मलाई लाग्छ, येशूका यी वचनहरूलाई मनन गर्दै, १ पत्रुस ५:८ मा आफ्नो पत्रमा यसबारे लेखेका थिए। यहाँ तिनी यसो भन्छन्, "तिमीहरूको शत्रु, शैतान कसलाई भेट्टाऊँ र खाइहालूँ भनी गर्जने सिंहझैँ खोजिहिँडछ।"

मलाई लाग्छ, कि पत्रुसले कतै त्यो व्यक्तिगत अनुभवबाट प्राप्त गरेका थिए कि!

येशू स्वर्गारोहण हुनुभएपछि तिनले सेवकाई सुरु गर्दा त्यस्ता क्षणहरू आएका हुन् सक्छन्, किनकि बाइबलले हामीलाई सिकाउँछ, कि शत्रुले दोष लगाउने र छल गर्ने तरिकाद्वारा काम गर्दछ, सायद त्यस बेला प्रभुले तिनलाई दिनुभएको त्यो अधिकारका निम्ति पुकारा गरेका थिए। र ती दोषहरू र छलहरू हाम्रो मन र हाम्रो आत्मामा प्रवेश गर्छन् र हामीले तीमाथि अधिकार गर्नुपर्छ।

हरेक विचारलाई वशमा पार्नुहोस्। यदि तपाईं उहाँको मण्डली स्थापना गर्न लाग्नुभएको छ भने तपाईंले आफ्नो विश्वासहरूमा, तपाईंको समझमा र तपाईंको आत्मामा त्यो अधिकार स्थापित गर्नुपर्छ। तपाईंमा त्यो अधिकार स्थापित हुनुपर्छ, जसले गर्दा तपाईं आफ्नो हृदय र मनलाई शत्रुबाट जोगाउन सक्नुहुन्छ। कहिलेकहीं हामी शत्रुको तरिका अति डरलाग्दो र स्पष्ट हुन्छ भनी सोच्छौं, तर मैले सेवकाईमा पाएको छु कि शत्रुले देख्न नसकिने प्रकारले काम गर्दछ। त्यो धेरै शान्त हुन्, यदि तपाईं सावधान हुनुभएन भने, शत्रुले तपाईंलाई स्पष्ट तरिकाले नष्ट गर्ने काम नगरेर सायद त्यो दोस्रो परिवर्तन र मण्डली स्थापना गर्ने कार्यदेखि तपाईंको ध्यान भड्काउँछ, तपाईंको नजर हटाउँछ।

सायद कुनै क्षण यस्तो आउँछ जब तपाईं आफ्नो गाडीमा तेल हाल्न पेट्रोल पम्पमा जानुहुन्छ र तपाईं तेलको दाम हेर्नुहुन्छ र तेलको दाम देखेर तपाईं धेरै निराश हुनुहुन्छ। तपाईंले आफ्नो गाडीमा तेल हाल्ने व्यक्तिलाई पनि देख्नुहुन्न। परमेश्वरले तपाईंलाई त्यो व्यक्ति आशा र जीवनको वचन बोल्न र तिनीहरूमा सुसमाचार सुनाउने मौका दिँदै हुनुहुन्छ भनी तपाईं थाहा पाउनुहुन्न। तेलको बढेको मूल्यको कारण तपाईंको स्वाभाविक ध्यान भड्केर जान्छ। शत्रुले काम गरिरहन्छ। येशूले पत्रुसलाई हेर्दै भन्नुभयो, "तिमीलाई थाहा छ? होइन, नरकका ढोकाहरू तिमीमाथि विजयी हुनेछैनन्।"

शत्रुसँग त्यो अधिकार छैन। त्योसँग त्यो अधिकार छैन, तर यदि तपाईं उहाँको मण्डली स्थापना गर्ने  व्यक्ति बन्नु हो भने तपाईंले बुझ्नुपर्छ कि परमेश्वरले लडाइँको मैदानबीच आफ्नो मण्डली स्थापना गर्नुहुन्छ। जब तपाईंलाई एउटा अधिकार दिइएको छ भनी स्वीकार गर्नुहुन्छ र तपाईं त्यो अधिकारमा खडा हुनुहुन्छ, तपाईं त्यो अधिकारद्वारा प्रार्थना गर्नुहुन्छ, तपाईंले यो हप्तैपिच्छे, दैनिक रूपमा पनि गर्नुपर्छ, तर जब तपाईंले पिताबाट सीधै त्यो प्रकाश प्राप्त गर्नुहुन्छ तब मात्र तपाईं उहाँको मण्डली स्थापना गर्न तयार हुनुहुनेछ। जब तपाईंमा राज्य गर्नुहुने परमेश्वरका आत्माबाट आउने अधिकारमा तपाईं हिंड्न थाल्नुहुन्छ, तब तपाईं उहाँको मण्डली स्थापना गर्न तयार हुनुहुनेछ, त्यसले तपाईंलाई उहाँको मण्डली स्थापना गर्ने उद्देश्यका लागि पूर्ण रूपमा उपस्थित हुने

अनुमति दिन्छ। त्यसपछि येशूले पत्रुसलाई भन्नुभएको तेस्रो कुरा छ, जसले हामीलाई साँच्चै अचम्मित बनाउँछ। उहाँले भन्नुहुन्छ, "सुन, म तिमीलाई स्वर्गको राज्यका साँचाहरू दिइरहेको छु। म तिमी अधिकार दिइरहेको छु।" अब येशूले पत्रुसलाई यो सिकाउँदै हुनुहुन्छ, कि त्यो स्वर्ग, आत्मिक क्षेत्र, राज्यको अधिकार क्षेत्र, स्रोत-साधन, त्यहाँ भएका सबै कुरा, सबै विश्वास, सबै शक्ति, सबै बुद्धि, सबै अधिकार, सबै अनुग्रह, सबै त्यहाँ छ। तिमीसँग त्यो अधिकार(पहुँच) छ। म तिमीलाई त्यसका लागि साँचाहरू दिइरहेको छु, कि तिमीसँग स्वर्गका वास्तविक कुरा लिने र ती पृथ्वीमा ल्याउने क्षमता छ। तिमीसँग राज्यको प्रतिनिधित्व गर्ने सबै कुरा लिने र पृथ्वीमा ल्याउने क्षमता छ। येशू, जब उहाँ यस पृथ्वीमा हिंड्नुभयो, उहाँले भन्नुभयो, "परमेश्वरको राज्य नजिक आएको छ।"

अनि अब उहाँले पत्रुसलाई भन्नुहुन्छ, "तिमीले मण्डली यसरी स्थापना गर भन्ने म चाहन्छु। तिमीले यो स्वाभाविक कुरा जस्तो निर्माण गर भन्ने म चाहन्नँ। तिमीले यसलाई धार्मिक संस्थाको रूपमा स्थापना गरे भन्ने म चाहन्नँ।"

संसारका लागि म को हुँ भन्ने कुराको प्रकाश तिमीमा हुनु आवश्यक छ। तिमीलाई थाहा हुनुपर्छ कि तिमीसँग एउटा अधिकार छ। तर तिमीलाई यो पनि थाहा हुनुपर्छ, कि तिमीसँग परमेश्वरको राज्यमा प्रवेश गर्ने र त्यो ल्याउने अधिकार छ र तपाईं भन्नुहुन्छ, "त्यो कस्तो देखिन्छ? त्यसले कसरी काम गर्छ?" मैले कहिलेकहीं त्यस्तो अधिकार (पहुँच)को अनुभव नगरेको जस्तो लाग्छ। मलाई लाग्छ, स्वर्गमा जे बाँधिन्छ त्यो पृथ्वीमा बाँधिनेछ, स्वर्गमा जे फुकाइन्छ त्यो पृथ्वीमा फुकाइनेछ भन्ने कुरा बुझ्न सरल बनाउन सक्छौं। मैले त्यो पहुँच कसरी प्राप्त गर्ने? मलाई लाग्छ, येशूले भन्नुभएको असल सामरीको प्रसिद्ध दृष्टान्तमा हामीलाई यसको उदाहरण दिइएको छ।

अब तपाईं असल सामरीको दृष्टान्तसँग परिचित हुनुहुनेछ। एक जना व्यक्ति आफ्नो दैनिक जीवनको दैनिक काम गर्न बाहिर निस्कन्छ र उसले बाटोमा एक यहूदी व्यक्तिलाई भेट्छ, जसलाई डाँकूहरूले कुटेको छ। अनि उसलाई पर्वाह नगरी त्यहाँबाट जानुको सट्टा, उसले यो क्षणको बारेमा जान्दछ। उसको दोस्रो पटक परिवर्तन भएको छ। उसको काम रगतपच्छे र घाइते भएको त्यो व्यक्तिलाई सहायता गर्नु हो भनी उसले जान्दछ।

अनि उसले त्यो व्यक्तिलाई आफ्नो गधामा राख्छ र उसलाई एउटा पौवामा लैजान्छ र पौवाका मालिकलाई पैसा तिर्छ र भन्छ, "म फेरि आउनेछु।" अब त्यो कथामा चाखलाग्दो कुरा के छ भने येशूले त्यो मानिसको कथा मात्र भन्नुहुन्न जसले एक अर्थमा उहाँको मण्डलीको राज्य निर्माण गर्ने व्यक्तिको रूपमा काम गर्छ। उहाँले त्यसमा अरूलाई पनि सामेल गर्नुहुन्छ।

धार्मिक मानिसहरू। अनि उहाँले पत्रुस र तिनका वरपरका सबैले बुझून् भने यो गर्नुहुन्छ, "मेरो मण्डलीको अगुवा हुनु भनेको अर्थ यही हो।" उहाँले मुख्य रूपले यो दृष्टान्तद्वारा तिनीहरूलाई यसो भन्नुहुन्छ, "यदि तिमीहरूले मेरो मण्डली स्थापना गर्ने हो भने तिमीहरूले तीनवटा कुरा गर्नुपर्छ। यसको कुरा जुन तिमीहरूले देख्नुपर्छ। त्यो सामरीले कुनै घाइते व्यक्तिलाई देखेको थियो।

पत्रुस, यदि तिमीले मेरो मण्डली स्थापना गर्ने हो भने तिमीले मानिसहरूलाई हेर्नुपर्छ र तिमीले तिनीहरूलाई सही तरिकाले हेर्नुपर्छ। अगुवा, यदि तपाईं परमेश्वरको मण्डलीलाई उहाँको तरिकाले स्थापना गर्न लाग्नुभएको छ भने यो तपाईंले मानिसहरूलाई कसरी हेर्नुहुन्छ त्यसबाट सुरु हुन्छ। तपाईं आफ्नो वरपरका मानिसहरूलाई कसरी हेर्नुहुन्छ? तपाईं आफ्नो छिमेकका, आफ्नो समुदायका मानिसहरूलाई कसरी हेर्नुहुन्छ? तपाईं आफ्नो देशका मानिसहरूलाई कसरी हेर्नुहुन्छ? तपाईं देख्नुहुन्छ, असल सामरीको यो दृष्टान्तमा, एक पुजारी र एक लेवी छन्। धार्मिक मानिसहरू, तिनीहरूको कर्तव्य त्यस व्यक्तिको हेरचाह गर्नुथियो। तर तिनीहरू उसको छेउबाट गए अनि तिनीहरूले उसलाई बेवास्ता गरे। किन? किनकि तिनीहरूको हेराइ नै त्यस्तो थियो। तिनीहरूले उसलाई अपमानजनक देखे।

तिनीहरूले उसलाई अशुद्ध देखे। तिनीहरूले वास्तवमा उसलाई आफ्नो धार्मिक शुद्धता र सफलताका लागि बाधाको रूपमा देखे। हामी खीष्टियन अगुवाहरू पनि कहिलेकहीं संसारलाई त्यसरी नै हेर्छौं। हामी संसारलाई आपत्तिजनक देख्छौं। हामी संसारलाई अशुद्ध देख्छौं। हामी संसारलाई हाम्रो सफल खीष्टियन धर्मको बाधाको रूपमा देख्छौं। कहिलेकहीँ हामी संसारले हामीलाई छोडिदिओस् ताकि हामी सफल खीष्टियन धर्म पाउन सकौं भन्ने इच्छा गर्दछौं। अनि येशू भन्नुहुन्छ, "होइन, तिमीहरूले मेरो मण्डली यसरी स्थापना गर्नेछैनौ। तिमीहरूले मेरो मण्डली एउटा प्रकाशको आधारमा स्थापना गर्नेछौ, त्यो प्रकाशचाहिँ म तिनीहरूका मुक्तिदाता हुँ भन्ने हो। अनि तिमीहरूले त्यसरी हेर्नुपर्छ,जसरी परमेश्वरले हेर्नुहुन्छ।" खीष्टियनहरूको रूपमा हामी किन सधैं संसार मन पराउँदैनौं भन्ने कुरा बुझ्न सकिन्छ। हामीलाई उनीहरूले हाम्रो मुक्तिदाताको गिल्ला गरेको मन पर्दैन। हामीलाई उनीहरूको नैतिकता र मूल्य-मान्यता मन पर्दैन।

हामीलाई भ्रष्टाचार र दुष्टता मन पर्दैन। उनीहरूले जसरी एकअर्कालाई हानी पुऱ्याउँछन् त्यो हामीलाई मन पर्दैन।

तर कहिलेकहीँ संसार मन नपराएर हामी संसारबाट नै टाढा हुन्छौं, संसारभरि घुम्न बाध्य बन्छौं। यदि तपाईं उहाँको मण्डली स्थापना गर्न लाग्नुभएको छ भने त्यो तपाईं संसारलाई कसरी हेर्नुहुन्छ भन्ने कुरा र परमेश्वरसँग उहाँको दृष्टि माग्दै सुरु हुँदछ। यसले तपाईंलाई प्रकाश, अधिकार प्राप्त गर्न र उहाँको मण्डली स्थापना गर्न र हाम्रो हराएको संसारलाई पुनर्स्थपित गर्ने अनुमति दिनेछ। त्यस सामरीले घाइतेलाई हेर्ने मात्र गर्दैन। अनि अवश्य उसले त्यसलाई सहायता गर्छ। जब तपाईं यो दृष्टान्त हेर्नुहुन्छ, यो मानिसमा सबै प्रकारका जटिल समस्याहरू पाउनुहुन्छ। स्पष्ट छ, उसको शारीरिक समस्या छ। डाँकूहरूले उसलाई मरुन्जेल कुटेका छन्, ऊ रगतपच्छे र घाइते छ। तर उसको एउटा आत्मिक समस्या छ। उसलाई आत्मिक रूपमा सहायता गर्नुपर्ने मानिसहरू उसकै छेउबाट भएर जान्छन्। ऊ आत्मिक सहायता पाउनबाट वञ्चित छ। उसको सामाजिक समस्या छ। त्यो समाजमा के भइरहेको छ जहाँ डाँकूहरूले मानिसहरूलाई कुटपिट गरी अधमरो बनाई बाटोमा छोडेर जान्छन्?

जब हामी आफ्नो वरपरको संसार हेर्छौं, तिनीहरूको तोडिएको अवस्था देख्छौं, जुन जटिल छ। तिनीहरूसँग समस्याका तहहरू छन्। तिनीहरूसँग आत्मिक, सामाजिक र शारीरिक समस्याहरू छन्। परमेश्वरले तपाईंलाई तिनीहरूका सबै समस्याहरूलाई समाधान गर्नू भनिरहनुभएको छैन। उहाँले तपाईंलाई तिनीहरूलाई हेर्न र यसबारे सचेत हुन अनि उहाँको मण्डली तिनीहरूका आवश्यकताहरू पूरा गर्न त्यहाँ छ भनेर बुझ्नू भनिरहनुभएको छ।

मलाई लाग्छ, यस दृष्टान्तमा पौवाको मालिक हुनु साँच्चै महत्त्वपूर्ण छ। यो केही बढाइचढाइ गरी भनेको जस्तो होला, तर कहिलेकहीं मलाई यस्तो लाग्छ कि कहीं येशूले यसो भन्नका निम्ति यो दृष्टान्त भन्नुभएको त होइन, "तिमीहरूलाई मण्डली थाहा छ? त्यो पौवाको मालिक हो। तिमी एकलैले यो व्यक्तिका खाँचोहरू पूरा गर्न सक्दैनौ। असल सामरीले त्यो आफैले गर्न सक्दैनथ्यो। उसलाई पौवाको मालिक चाहिन्थ्यो। मेरो समाजमा मलाई मेरो मण्डली चाहिन्छ, किनकि जब म कसैलाई मेरो मण्डलीमा ल्याउँछु र तिनीहरूले विश्वासको आत्मामा सुन्छन् र सुसमाचारको आराधना गर्छन्, तिनीहरूले मुक्ति पाउन सक्छन्। मलाई मेरो मण्डली चाहिन्छ, किनकि मेरो मण्डलीमा मेरा सङ्गी सदस्यहरू छन्, जसले केही हृदयका समस्याहरू र केही मानसिक समस्याहरू बुझ्छन्, र म त्यो सानो समूहमा एक साथीलाई ल्याउन सक्छु र उनीहरूले तिनीहरूको यसरी सेवा गर्न सक्छन् जस्तो म गर्न सक्दिनँ। मलाई मेरो मण्डली चाहिन्छ, किनकि मेरो मण्डलीमा संसाधनहरू छन्, र कहिलेकहीं मानिसहरूलाई सहायता गर्ने संसाधन मसित नहुँदा त्यो मण्डलीमा उपलब्ध उपलब्ध हुन्छ।"

मण्डलीको सुन्दरता यही हो। हामी सबै जना कसै न कसैकहाँ पूर्ण रूपमा पुग्छौं भन्ने होइन। हामी सबै मिलेर प्रत्येक व्यक्तिसम्म पूर्ण रूपमा पुगदछौं। अनि त्यसपछि यो दृष्टान्त एउटा धेरै गहन, महत्त्वपूर्ण भनाइसहित

समाप्त हुँदछ, जुन हामी प्रायः बिर्सन्छौं। त्यो मानिस, असल सामरीले त्यस घाइते व्यक्तिलाई पौवाका मालिककहाँ ल्याउँछ र उसलाई त्यहीं छोड्छ र त्यसपछि उसले यसो भन्छ,"म फर्केर आउँछु।" असल सामरीले त्यो व्यक्तिलाई एक पटकको परिस्थितिमा सहायता गरेर मात्र पूरा हुँदैन भनी जान्दछ।

उहाँ त्यस्तै हुनुहुन्छ। यो भनेको त्यस क्षणको काम गर्नु मात्र होइन, तर यो पहिचानको कुरा हो। येशूले पत्रुसलाई हेर्दै भन्नुहुन्छ, "तिमीमाथि म मेरो मण्डली स्थापित गर्न सक्छु, किनकि तिमीसँग प्रकाश छ, तपाईंसँग अधिकार छ, म तपाईंलाई अधिकार(पहुँच) दिंदैछु। म फर्केर आउँदा तिमी यस्तै व्यक्ति हुनुपर्छ।"

के तपाईंले आफ्नो समाज, आफ्नो छिमेक, आफ्नो देश, संसारलाई हेर्दा यो प्रश्न गर्नुहुन्छ र मेरो बोलावट र मेरो पहिचान हो भन्ने महसुस गर्नुहुन्छ?

येशूले भन्नुभयो, "म मेरो मण्डली स्थापित गर्नेछु।" र उहाँले हामीद्वारा उहाँको उपस्थिति मार्फत त्यो गर्नुहुन्छ।

अनि उहाँ भन्नुहुन्छ, "म संसारको निम्ति को हुँ भन्ने प्रकाश प्राप्त गर। तिमीहरूसँग भएको अधिकारलाई जान, किनकि तिमीहरू एउटा लडाइँमा छौ र त्यसअनुसार तिमीहरू जिउँदा तिमीहरूको पहुँच, स्वर्ग राज्यका साँचाहरू बारे जान, हराएको संसारलाई अनन्तता र चंगाइको बचाउने अनुग्रहमा ल्याओ।"

अनि उहाँको मण्डली, एक आत्मिक घर स्थापित भएको छ, जुन उहाँको महिमाको लागि जीवित पत्थरहरू हुन्, किनकि पत्रुसमाथि जस्तै उहाँले तपाईंमाथि आफ्नो मण्डली स्थापित गर्न सक्नुहुन्छ। उहाँ आज तपाईंलाई हेर्नुहुन्छ र भन्नुहुन्छ, "तिमीमाथि, हो तिमीमाथि नै म मेरो मण्डली स्थापित गर्न सक्छु।"